नागरिक लगानी कोषको
विक्रम सम्बत् २०७६ साल भाद्र ३० गते सोमबारका दिन
कार्की व्यांकेट, बबरमहल, काठमाण्डौंमा सम्पन्न भएको

## चौविसौं वार्षिक साधारण सभाको निर्णय

१. **पृष्ठभूमि :**

नागरिक लगानी कोषको चौविसौं वार्षिक साधारण सभा मिति २०७६/०५/३० गते सोमबार बिहान ११:३० बजे कार्की व्यांकेट, बबरमहल, काठमाण्डौंमा संचालक समितिका अध्यक्ष तथा सभाका सभापति प्रा.डा. रामचन्द्र भट्टराईज्यूको सभापतित्वमा बस्यो । सभामा सभापतिज्यूले वार्षिक प्रतिवेदन तथा विवरणहरु पेश गर्नु भयो । विधिवत कार्यक्रम संचालन भएपछि अपरान्ह २.३० बजे सभा विसर्जन भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०७६ साल भाद्र ३० गते सोमबार ।
स्थान : कार्की व्यांकेट, बबरमहल, काठमाण्डौ ।
समय : बिहान ११:३० बजे ।

३. **सभाको सूचना तथा प्रकाशन :**

(अ) मिति २०७६/०५/०६ गते र मिति २०७६/०५/०८ गतेको गोरखापत्र दैनिकमा कोषको चौविसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिएको थियो । साथै, २०७६/०५/०६ मा कोषको वेभसाईट www.nlk.org.np मा समेत उक्त सूचना सार्वजनिक गरिएको थियो ।

(आ) चौविसौं वार्षिक साधारण सभाको सूचना, वासलात तथा नाफा नोक्सान हिसाव सहितको वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई उपलब्ध गराईएको थियो । उक्त प्रतिवेदनको विद्युतीय प्रति कोषको वेभसाईट www.nlk.org.np मा प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**

**(अ) संचालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रा.डा. रामचन्द्र भट्टराई | अध्यक्ष |
| २. | डा. रामशरण खरेल | सदस्य |
| ३. | श्री कवि प्रसाद पाठक | सदस्य |
| ४. | श्री कमलेश कुमार अग्रवाल | सदस्य |

| | | |
|---|---|---|
| ५. | श्री अशोक बुढाथोकी | सदस्य |
| ६. | श्री लक्ष्मी प्रसाद पौडेल | सदस्य |
| ७. | श्री रमण नेपाल | कार्यकारी निर्देशक |

**(आ) पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | डा. इन्द्र कुमार कट्टेल | - नायव कार्यकारी निर्देशक, नागरिक लगानी कोष |
| २. | श्री गोपाल घिमिरे | - निर्देशक, नागरिक लगानी कोष |
| ३. | श्री शोभा (श्रेष्ठ) सुवेदी | - का.मु. निर्देशक, नागरिक लगानी कोष |
| ४. | श्री हेमन्त पोखरेल | - का.मु. निर्देशक, नागरिक लगानी कोष |
| ५. | श्री नबराज खड्का | - संचालक समितिका सचिव, नागरिक लगानी कोष |

**(इ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| | कुल शेयर तथा शेयरधनी संख्या | स्वयं उपस्थिति | प्रतिनिधिद्वारा उपस्थिति | जम्मा उपस्थिति | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| कोषको शेयर किता | ११०२३५२१ | १४९४४४ | ८२५७१७२ | ८४०६६१६ | ७६.२६ |
| कोषको शेयरधनी | ८३२७ | ४४३ | ९ | ४५२ | ५.४३ |

**सभामा छलफल भएका विषयहरु र पारित प्रस्तावहरुको विवरण देहाय अनुसार छन् ।**

**५. छलफलका विषयहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आर्थिक वर्ष २०७४।७५ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल असार मसान्तको वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

(३) कोषको आर्थिक वर्ष २०७४।७५ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्टयाइएको प्रस्तावित २२.०० प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने बारे ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी तथा संचालकको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने बारे ।

(५) विविध ।

## ६. <u>सभाको वैधानिकता :</u>

सर्वप्रथम कोषको संचालक समितिका सचिवले सभामा उपस्थित संचालकको परिचय दिनुभयो । त्यसैगरी, संचालक श्री चन्द्रसिंह साउद बिशेष कारणबशः सभामा उपस्थित हुन नसक्ने जानकारी गराइएको व्यहोरा सभालाई अवगत गराउदै संचालक समिति र कोषको परिवारको तर्फबाट सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो । कोषको चौविसौं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईज्यूले गर्नु भएको थियो । नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ बमोजिम सभा बोलाइएको र सोही ऐनको दफा २१ को उपदफा ३ अनुसार सभाको निर्दिष्ट गणपुरक संख्या माथि उल्लेख भए बमोजिमको पर्याप्त भएको हुँदा शेयरधनीहरुसँग साधारण सभा प्रारम्भ गर्न संचालक समितिका सचिवले अनुमति लिँदै सभा सम्बन्धी विषय सूची अनुसार प्रस्तावहरुका विषयमा छलफल हुने जानकारी गराउँदै अध्यक्षज्यूलाई वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरिदिन अनुरोध गर्नुभयो । अध्यक्षज्यूले वार्षिक प्रतिवेदन प्रस्तुत गरी सकेपछि शेयरधनीहरुलाई छलफलमा भाग लिन संचालक समितिका सचिवले अनुरोध गर्नु भए बमोजिम सभामा निम्न लिखित शेयरधनी महानुभावहरुले आ-आफ्नो सुझाव तथा मन्तव्य राख्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | श्री डमरु बल्लभ घिमिरे | २. | श्री शिव प्रसाद पौडेल |
| ३. | श्री अमृतनाथ रेग्मी | ४. | श्री उद्धव प्रसाद घिमिरे |
| ५. | श्री कृष्णप्रसाद अधिकारी | ६. | श्री राजेश शाक्य |
| ७. | श्री इन्द्र कृष्ण श्रेष्ठ | ८. | श्री कृष्ण प्रसाद श्रेष्ठ |
| ९. | श्री गुणराज भट्ट | १०. | श्री जयेन्द्र मान सिंह बाँनिया |
| ११. | श्री रोज कुमार श्रेष्ठ | १२. | श्री शिव प्रसाद शर्मा |
| १३. | श्री नरसिंह लाल चखुँ | | |

**शेयरधनी महानुभावहरुको मन्तव्य र विचार :**

१. डमरूवल्लभ घिमिरे

- साधारण सभा संचालन गर्नु भएकोमा धेरै धेरै धन्यवाद ।
- हाम्रो आकांक्षा भनेको हाम्रो लगानीको प्रतिफल हो, आर्थिक वर्ष २०७४/७५ को लागि दिनु भएको बोनश शेयरको लागि धन्यवाद दिन चाहन्छु ।
- लाभांशको दर गत केही वर्षदेखि उस्तै उस्तै रहेकोमा मुद्दतीको दर जस्तो लाग्यो । महालेखाको प्रतिवेदन अनुसार कोषले अझ निकै प्रगति गर्न बाँकी भएको देखियो ।
- कोषको भवन निर्माणको गति सुस्त भइरहेको कारण के हो ? शिल्यान्यासको ६ महिना वितिसक्दा पनि बल्ल माटो खन्न लागेको देखियो । निर्धारित समयमा भवन निर्माण सम्पन्न हुन सक्ने कुरामा विश्वास गर्ने अवस्था देखिएको छैन ।
- २०७५ सालको चैत्र २८ मा महालेखाले आफ्नो प्रतिवेदन दिइसके पनि करिब ५ महिना पछि मात्र साधारण सभा हुनुमा के कारण छ ? साधारण सभा ढिला हुनाको कारण के हो ?
- कोषले लगानी गरेको वाइड वडी सम्बन्धी महालेखाको प्रतिवेदनमा जुन उल्लेख गरिएको छ, त्यसको वास्तविकता के हो, स्पष्ट पारिदिनुहुन अनुरोध छ ।
- संचालक समितिमा अर्थ मन्त्रालयको तर्फबाट आउने प्रतिनिधिको पद अझै किन खाली भयो, सो कारण पनि जान्न चाहन्छु ।
- प्रतिवेदनमा संचालकहरूको फोटो मुनि कुन समूहबाट प्रतिनिधित्व गरेको हो सो उल्लेख गर्नुपर्‍यो ।
- बार्षिक प्रतिवेदन समयमा किन पठाइएन ?
- आचारसंहिताको पालना सवैले गर्नुपर्‍यो ।
- सामाजिक सुरक्षा कोष किन ना.ल.कोषले ल्याउन सकेन ?
- Second Man र Third man बाहिरबाट ल्याइएकोले अन्य कर्मचारीहरूको मनोवल घटेको देखिन्छ ।
- संचालकहरूले ऐनमा व्यवस्था भए बमोजिका सेवा सुविधाहरू मत्र उपभोग गर्नुहुन अनुरोध छ ।
- बीमा राष्ट्रिय बीमा संस्थानमा गएको वारेमा प्रष्ट पारिदिनु होला ।
- महालेखापरीक्षकले वाईडबडीमा लगानी भएको रकमका सम्बन्धमा लेखिएको बिषयमा, उक्त लगानी असुल उपर गर्ने प्रकृयाका बारेमा सभालाई जानकारी गराईदिन अनुरोध गर्नुभयो ।

- संस्थाको प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२. <u>शिव प्रसाद पौडेल</u>

- ढिलै भए पनि आ.व. २०७४/७५ को साधारण सभा संचालन गर्नु भएकोमा धन्यवाद ।
- आगामी साधारण सभा पौष मसान्त भित्रमा सम्पन्न गराउनको लागि आवश्यक व्यवस्था गर्न गराउन लागि अनुरोध गर्नुभयो ।
- महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिए बमोजिम नेपाल एयरलाइन्सको वाइड बडीमा विस्तृत अध्ययन, सवल पक्ष, दुर्वल पक्ष आदिको विश्लेषण नगरी किन लगानी गरियो ? सो बारेमा पनि सभालाई जानकारी गराउन अनुरोध गर्नुभयो ।
- करार तथा अस्थायी रूपमा काम गर्दै आउनु भएको कर्मचारीहरूको यथायोग्य व्यवस्था कोषले गरी कर्मचारीहरूको मनोवल बढाउनुपर्ने सुझाव दिन भयो ।
- संचालक समितिको बैठक एक बर्षमा कतिवटा बस्यो, त्यो प्रतिवेदनमा उल्लेख गर्नुपर्‍यो ।
- निकै समय व्यतित भइसक्दा पनि कोषको भवन निर्माणमा उल्लेख्य प्रगति हुन सकेको छैन । यसमा ध्यानाकर्षण गराउन चाहन्छु ।
- कर्मचारीहरूको बोनश तोकिएको समय भित्र प्रदान नगरेको देखियो । यसलाई आगामी दिनमा सुधार गर्नको लागि सुझाव दिन चाहन्छु ।
- कोषले स्टक डिलरको कार्य गर्ने भनेर धेरै अगाडिबाट भनेको भए पनि अहिलेसम्म किन केही पनि भएन जानकारी दिन अनुरोध गर्दछु ।
- नियमित रूपमा कोषको साधारण सभा पौष मसान्तभित्र सम्पन्न गर्ने अठोटका साथ अगाडि बढ्नको लागि अनुरोध छ ।

३. <u>अमृतनाथ रेग्मी</u>

- कोषको कारोबारको प्रकृति अनुसार कोषले एउटा regular wing र अर्को एक development wing बनाएर अगाडि बढ्न अनुरोध छ ।
- संचालक समितिमा एक जना महिला सदस्य नियुक्त हुनुपर्ने राय व्यक्त गर्नुभयो ।
- Treasury Management मा कोषले अझै सुधार तर्फ ध्यान दिनुपर्ने राय ब्यक्त गर्नुभयो ।
- चुरोट बनाएर बेच्न बनाएको भवनमा कोषको कार्यालय संचालन गर्दा भइरहेको अप्ठ्यारोलाई हटाई सहज तरिकाले कार्य संचालन गर्न कोष भवन तथा परिसरलाई पुर्नसंरचना गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।
- संस्थाको कारोबार ठूलो भइसकेको छ । अडिटरको संख्या बढाई नियमित रूपमा AGM गर्नु उपयुक्त हुने ।
- वार्षिक प्रतिवेदनका Figure हजारमा वा लाखमा प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय Practice अनुसार गर्नु राम्रो हुने सुझाव दिनुभयो ।
- कोषले कार्यक्रमहरू राम्ररी संचालन गरिरहेको छ, यसका लागि धन्यवाद व्यक्त गर्नु भयो ।
- कोषको पुंजी बृद्धि गर्न Further Public Offering (FPO) निष्काशन गर्ने तर्फ पनि कोषले सोच्ने बेला भयो भन्ने तर्फ ध्यान दिन आग्रह गर्छु ।

- Hybrid Debenture ल्याउने तथा अन्य नयाँ केही गर्ने तर्फ पनि कोषले विचार गर्नु पर्ने आवश्यकता छ ।
- कोषको प्रगति राम्रो छ । अझै राम्रो गर्नुस् ।

४. <u>उद्धब प्रसाद घिमिरे</u>

- वासलातमा देखिएका कमजोरी, व्यवस्थापन तथा संचालक समितिमा देखिएका कमजोरीहरू औंल्याउन दिनुभएको अवसरका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।
- कोषले पनि आफ्नो लेखा प्रणालीमा NFRS लागू गरी Standard Balance Sheet ल्याउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- रिक्त बोर्ड सदस्य छिटो नै पुरा गर्नको लागि सुझाव दिनु भयो ।
- कोषको नाफाबाट जुन बोनश घोषणा गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- Balance Sheet मा Assets र Liabilities को समष्टिगत बृद्धि गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।
- निर्माणाधिन भवन चाँडो भन्दा चाँडो सम्पन्न गर्नुस् र हामीलाई पनि उद्घाटनमा बोलाउनुस् ।
- समयमा नै AGM नहुँदा शेयरधनीले बोनश ढिला पाइरहने र बजारको Fluctuation ले गर्दा निकै गुमाउन पनि पुगेका छन् भन्दै समय मै AGM गर्न राय व्यक्त गर्नुभयो ।
- नेपाल एयरलाइन्सले किस्ता बुझाइरहेको छ कि छैन, के धितो राखेर कर्जा दिनुभएको हो, तथ्य सत्य बताइदिनु होला ।
- Financial Indicator राम्रै छ । यसका लागि धन्यवाद ।
- Investment Portfolio विस्तार गर्नुपर्यो ।
- कोषले FPO जारी गरेर जारी पुंजी बढाउने तर्फ पनि ध्यान दिनुपर्यो ।
- कोषले पोखरा र विराटनगरमा मात्र शाखा कार्यालय खोलेर पुग्दैन । देशका अन्य महत्वपूर्ण स्थानहरूमा पनि शाखा कार्यालय विस्तार गर्न निकै जरूरी भइसकेको छ ।
- कोषको लगानी भनेको सम्पूर्ण राष्ट्रसेवकहरूको लगानी हो, यसलाई बडो सतर्कतापूर्वक लगानी गर्नुपर्दछ ।
- आगामी दिनमा यो भन्दा पनि राम्रो प्रतिफल प्रदान गर्न अनुरोध गर्दछु ।

५. <u>कृष्ण प्रसाद अधिकारी</u>

- सर्वप्रथम कोषले शेयरधनीहरूलाई प्रदान गरेको बोनश शेयर तथा नगद लाभांशका लागि धेरै धेरै धन्यवाद ।
- कोषले राम्रो प्रतिफल बाँडे पनि समयमा कार्य गर्न सकेको देखिएन ।
- ९ वटा कार्यक्रमको मात्र अन्तर हिसाव मिलान भएको उल्लेख गरिएको छ । बाँकी कार्यक्रमको पनि शिघ्र हिसाब मिलान गर्नुपर्यो ।
- कोषले स्टक डिलरको कार्य गर्न पनि निकै ढिला भइसकेको छ ।

- कर्मचारीहरूलाई बोनश समयमा नै दिन अनुरोध छ ।

६. राजेश शाक्य

- कोषले अन्य बैंक वित्तीय संस्था जस्तै चुस्त रूपमा कार्य गरेर अगाडि बढ्नु पर्दछ ।
- कोषले जस्तै कार्य गर्ने सामाजिक सुरक्षा कोष पनि स्थापना भइसकेको छ । यस अवस्थामा कोषले अझ आफ्नो प्रतिस्पर्धात्मक क्षमता वृद्दि गर्दै जानुपर्ने आवश्यकता देखेको छु ।
- बैंक रिकन्सिलेसनको Issues मा कोषले गम्भिर भएर ध्यान दिनुपर्ने जरूरत छ ।
- कोषले जुन जुन संस्थामा लगानी गरेको छ, सो संस्थाहरूको आवधिक वित्तीय विवरणहरू अध्ययन गर्नुपर्यो, निगरानी गर्नुपर्यो, सुक्ष्म विश्लेषण गर्नुपर्यो ।
- पुंजीको अनुपातमा नेटवर्थ सन्तुलनमा छ ।
- अन्य वित्तीय संस्थाका माझ कोषले उदाहरणीय बनेर देखाउन सक्नु पर्दछ ।
- आगामी साधारण सभा तोकिएको समयमा नै संचालन गर्न अनुरोध गर्दछु ।

७. इन्द्र कृष्ण श्रेष्ठ

- नेपाल सरकारको लगानी रहेको संस्थाले तोकिएको समय सीमा भित्र साधारण सभा सम्पन्न गर्न नसक्दा अन्य संस्था तथा जनसमुदायमा गलत message जान्छ । यसैले कोषले आगामी दिनमा यस विषयमा गम्भिर भएर सोच्नु जरूरी छ ।
- नियममा महिला पनि संचालक सदस्य हुनुपर्ने उल्लेख गरिए पनि यहाँ त्यो देखिएन ।
- महालेखा प्रतिवेदनमा उल्लेख गरिएको कोषको हिसाव मिलान नभएको सम्बन्धमा कोषको श्रेष्ताले कसरी कोषको कारोवारको वास्तविक चित्रण गर्दछ, यसमा गम्भिर हुनु जरूरी छ ।
- नेपाल एयरलाइन्सको वाइड वडीमा कोषले लगानी गर्दा जिम्मेवारी लिने सरकारी प्रतिनिधि को हुन् ? उनीहरूको उत्तरदायित्व के हो ? प्रष्ट पारिदिनु होला ।
- कोषको साधारण सभा हरेक वर्ष तोकिएको समय भित्र नै हुनु पर्‍यो ।

८. कृष्ण प्रसाद श्रेष्ठ

- धेरै अगाडि संचालन भएको कोषको १६ औं साधारण सभाले पारित गरेको १:१ अनुपातको हकप्रद शेयर आजसम्म पनि निष्काशन नहुनुको कारण के हो स्पष्ट पारिदिनु हुन अनुरोध छ ।
- विगतका दिनमा कोषका शेयरधनीहरूलाई निवासमै कोषको वार्षिक प्रतिवेदन उपलब्ध गराइने प्रचलन रहेकोमा हाल कोषमै आई प्रतिवेदन माग गर्दा पनि प्राप्त गर्न नसकेकोमा दु:ख लागेको छ ।
- कोषको आगामी साधारण सभा कहिले सम्म सम्पन्न गर्न सकिन्छ ? सो को पनि जानकारी पाउन चाहन्छौं ।

९. जयेन्द्रमान सिं बानियाँ

- कोषका कार्यक्रम अनुसारको लगानी स्पष्ट देखिएन भनेर महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ । यस सम्वन्धी जानकारी पाउन चाहन्छु ।
- कम्प्यूटर सफ्टवेयर छिटो भन्दा छिटो आउनु पर्यो ।
- नेपाल सरकार, शेयरधनी तथा सबैको लगानीलाई उत्कृष्ट तरीकाले व्यवस्थापन गर्नमा कोषले जोड दिनु जरूरी छ ।
- आउने साधारण सभामा घोषणा हुने लाभांश के कति अनुमान गरिएको छ ? जानकारी पाउन चाहन्छु ।

१०. रोजकुमार श्रेष्ठ

- कोषको १२ वर्ष अगाडिको वार्षिक प्रतिवेदनमा रिकन्सिलेसन भएको छैन भनेर उल्लेख गरिएकोमा हालसम्म पनि महालेखाको प्रतिवेदनमा सोही कुरा निरन्तर उल्लेख भइरहेको छ । यो निकै गम्भिर कुरा हो र यसमा कोषले निकै सम्वेदनशिल भएर अगाडि बढ्नुपर्ने देखेको छु
- महालेखाको प्रतिवेदन बमोजिम कोषले Non operating खाता संचालन गर्न नपाउने प्रावधान भएपनि यस्तो खाता प्रयोग गरेको पाइयो ।
- कोषले संचालन गरेको विभिन्न कार्यक्रम अन्तर्गतको लगानी र कोषको लगानी विभागले तयार गरेको प्रतिवेदनमा किन फरक देखियो स्पष्ट जवाफ चाहन्छु ।
- नेपाल एयरलाइन्सको वाइड वडी खरिदका लागि कोषले गरेको कर्जा लगानीको व्याज तथा किस्ता कसले तिर्छ, के जमानी बस्नेले तिर्छ ? जानकारी पाउन चाहन्छु ।
- कोषको सूचना प्रणाली निकै पुरानो र अव्यवहारिक छ । यसमा ध्यान दिने कि नदिने ।
- कोषको आ.ले.प. को कुनै Output आएको देखिन ।
- कोषको प्रतिवेदनमा केही Information हरू update गरेको पाइएन । जस्तै, लुम्बिनि बैंक मर्ज भइसकेपनि सोही नाममा लगानी देखाएको पाइयो ।

११. शिव प्रसाद शर्मा

- २२ प्रतिशत बोनशको लागि धन्यवाद दिन चाहन्छु ।
- कोषको कर्मचारीको संरचनामा Right man in the right place को व्यवस्था हुनुपर्छ ।
- कोष एक विश्वास गरिएको संस्था हो, तर हिसाव कितावको लेखा जोखा दुरूस्त रहेको पाइएन । यसमा निकै सुधार गर्नुपर्ने अवस्था रहेको छ ।
- कोषले नाफा बढाउनुको साथै हामीलाई प्रदान गर्ने बोनश पनि वृद्दि गर्न सक्नुपर्ने हो । आगामी आर्थिक वर्षमा यो भन्दा बढी प्रतिफलको आशा गरेको छु ।

१२. नरसिंहलाल चखूँ

- बोनश शेयरको लागि लगानीकर्ताहरूको तर्फबाट कोषलाई धेरै धेरै धन्यवाद ।

- कोषको Balance Sheet को performance र Portfolio मा सुधार गर्नुपर्ने देखिन्छ ।
- संस्थाले Management Information System मा व्यवहारिक रूपले धेरै हदसम्म सुधार गर्नुपर्ने देखिन्छ ।
- प्रतिवेदनमा लेखापरीक्षकले उठाएका ४.१ देखि ४.१० सम्मका कैफियतहरूका विषयमा कोषले सुधार गर्नुपर्दछ ।
- कोषले हकप्रद शेयर निष्काशन गर्ने तर्फ पहल गर्नुपर्छ ।
- HRD र HRM को वर्तमान अवस्थामा सुधार हुनुपर्ने देखिन्छ ।
- HR Motivation तिर पनि ध्यान जानु पर्छ ।
- अन्त्यमा आउँदै गरेको बडा दशैं, दिपावली तथा छठ पर्वको अवसरमा यहाँ उपस्थित सबैलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

१३. <u>गुणराज भट्ट</u>

- कोषले Market Maker को कार्य गर्न अझै कति समय लाग्छ ? सो जानकारी पाउन चाहन्छु ।
- नेपाल एयरलाइन्सलाई दिएको ऋणको व्याज असुली भएको छ कि छैन ? छैन भने यसका लागि के पहल गरिरहनुभएको छ ?
- Fraction शेयरलाई नपुग रकम शेयरधनीहरूसँग माग गरी Fraction लाई Round up गर्नका लागि हार्दिक अनुरोध गर्न चाहन्छु ।
- आ.व. २०७५/७६ को साधारण सभा यही पौष मसान्तसम्ममा सम्पन गर्नुहुन अनुरोध गर्दछु ।

उपरोक्तानुसारका जिज्ञासा तथा सुझाबहरूका सम्बन्धमा कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले देहाय बमोजिम जबाफ दिनु भएको थियो ।

**<u>कार्यकारी निर्देशक श्री रमण नेपाल</u>**

- शेयरधनीहरूको अमुल्य सुझाव तथा मार्गदर्शनका लागि धेरै धेरै धन्यवाद ।
- हामी संस्थाको सुधारका लागि निरन्तर रूपले अगाडि वढिरहेको छौं ।
- कोषको भवन निर्माण सम्बन्धमा भवन सम्बन्धी टेण्डर प्रक्रिया, सम्झौता प्रक्रिया आदिले गर्दा भवन निर्माण कार्य केही ढिला शुरू हुन गएको जानकारी गराउँदै हाल भवन निर्माणको कार्य द्रुत गतिमा भइरहेकोले निर्धारित समयमा नै निर्माण सम्पन्न हुने विश्वाश दिलाउन चाहन्छु ।
- नेपाल एयरलाइन्सको वाइड वडीमा सो संस्थाको Business Plan हेरेर तथा वित्तीय विश्लेषण गरेर नै लगानी गरिएको थियो । तर, Business Plan अनुसार काम गर्न नसकेकोले हाल केही समस्या देखिएको हो भने यो एक राष्ट्रिय समस्या नै भएकोले यसको समाधान हुनेछ ।
- नागरिक लगानी कोष ऐन, २०४७ संशोधनका लागि संसदमा पेश भएकोमा संशोधन पश्चात स्वत: पुंजी बृद्धि हुने भएकोले छुट्टै पुंजी बृद्धिको स्वीकृत लिनु नपर्ने भएकोले पर्खिदा आर्थिक बर्ष २०७४/७५ को साधारण सभा ढिलो हुन गएको हो ।

- आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण शुरू भइसकेको छ । लेखापरीक्षण पश्चात महालेखापरिक्षकबाट प्रतिवेदन स्वीकृत भएर प्राप्त हुनासाथ उक्त आ. ब. को बार्षिक साधारण सभा गरिनेछ ।
- अर्थ मन्त्रालयबाट पुंजी वृद्दिका लागि स्वीकृति प्राप्त हुन ढिलाई भएको हुनाले २०७५ चैत्रमा महालेखाको प्रतिवेदन प्राप्त भए पनि तुरून्तै साधारण सभा संचालन गर्न सकेनौं । यसका लागि हामी क्षमाप्रार्थी छौं ।
- कोषको विद्यमान कम्प्युटर प्रणाली पुरानो हो । तर, हामीले नयाँ कम्प्युटर सफ्टवेयरको विकास कार्य शुरू गरिसकेका छौं । कोषका संचालित कार्यक्रमहरू मध्ये एक कार्यक्रममा सो नयाँ सफ्टवेयर शुरू नै भइसकेको अवस्था छ । विस्तारै कोषका सबै कार्यक्रममा नयाँ एकिकृत NLK Web Based Software लागू हुनेछ ।
- कोषको लगानी नीति यसै बर्ष बनाई लागु गरिएको छ भने उक्त नीति समयानुकुल संशोधन गरी थप पारदर्शी बनाइएको छ जसले गर्दा कोषको लगानी थप प्रतिफलमुखी एवं सुरक्षित पनि हुने विश्वास व्यक्त गर्न चाहन्छु ।
- नेपाल सरकारबाट शुरू गरिएको सामाजिक सुरक्षा कार्यक्रमलाई लिएर कोषले खासै चिन्ता लिनुपर्ने अवस्था छैन । सामाजिक सुरक्षा कोषले cover नगर्ने प्रशस्त क्षेत्रहरू छन् जसलाई नागरिक लगानी कोषले समेट्न सक्छ भने कोषमा आवद्ध भइरहेका कार्यालयहरू तथा प्रतिष्ठानहरू नागरिक लगानी कोषमा नै आवद्ध भइरहन सक्ने हुंदा नयां कार्यक्रमका लागि प्रतिस्पर्धा हुन सक्ने देखिन्छ । त्यसैले आकर्षक नयाँ कार्यक्रमहरू संचालनका साथ कोष अझै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।
- कोषले NFRS मा आधारित भएर यो वर्षको वासलात बनाउन प्रयास गरिरहेको छ ।
- कोषको लेखापरीक्षण तीन जना लेखापरीक्षकहरूले गरिरहनु भएको छ र छिट्टै नै लेखा परीक्षण प्रतिवेदन प्राप्त हुनेमा आशावादी छौं ।
- कोषको चुक्ता पुंजी वृद्दि गर्नका लागि FPO वा Right Share निष्काशन गर्ने तर्फ सोचिरहेका छौं ।
- कोषको रिकन्सिलेसन धेरै नै मिलेर आइसकेको जानकारी दिन चाहन्छु ।
- अन्य केही सुझाव भए लेखेर दिनुहुन अनुरोध गर्दछु । हामी यहाँहरूको सुझावलाई सँधै मार्गदर्शनको रूपमा लिनेछौं ।
- अन्त्यमा, नजिकै आइसकेको विजया दशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा उपस्थित सम्पुर्ण शेयरधनी तथा आमन्त्रित महानुभावहरूलाई शुभकामना व्यक्त गर्न चाहन्छु ।

कार्यकारी निर्देशकबाट दिइएको प्रत्युत्तर पश्चात कोषका संचालक समितिका सचिव श्री नबराज खड्काले साधारण सभामा प्रस्ताव पास गरिदिन अनुरोध गर्नु भएकोमा देहायका प्रस्तावहरू सर्वसम्मतिबाट पारित गरियो :

**सभाको निर्णयहरू :**

(१) संचालक समितिको तर्फबाट कोषका अध्यक्ष प्रा. डा. रामचन्द्र भट्टराईज्यूले प्रस्तुत गर्नु भएको कोषको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ साल असारमसान्तको वासलात र आर्थिक वर्ष २०७४/७५ को नाफा/नोक्सान हिसाब विवरण माथि सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

(३) कोषको आर्थिक वर्ष २०७४/७५ को आम्दानी बांडफांड हिसाब विवरणमा छुट्ट्याइएको प्रस्तावित २२.०० प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी तथा संचालकको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसम्मतिबाट निर्णय गरियो ।

**सभा विसर्जन**

अन्त्यमा, धैर्यतापूर्वक आफ्ना भनाई तथा सुझाव राखिदिनु भएको र हामीलाई अगाडि बढ्न दिशा निर्दिष्ट गरी हौसला दिनु भएकोमा यसलाई आत्मसात गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरू, कर्मचारी साथीहरू, विभिन्न संघ संस्थाबाट पाल्नुभएका प्रतिनिधिहरू, संचालक समितिका सहकर्मी साथीहरू तथा पत्रकार बन्धुहरूलाई हार्दिक धन्यवाद दिई विजया दशमी, दिपावली तथा छठ पर्वको उपलक्ष्यमा उपस्थित सबै महानुभावहरूलाई शुभकामना व्यक्त गर्दै अपरान्ह २.३० बजे कोष संचालक समितिका अध्यक्ष तथा सभाका सभापति प्रा.डा. रामचन्द्र भट्टराईज्यूले सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| द. | द. | द. |
| (श्री नबराज खड्का) | (श्री उद्धव प्रसाद घिमिरे) | (श्री अमृतनाथ रेग्मी) |
| संचालक समितिका सचिव | सर्वसाधारण शेयरधनी प्रतिनिधि | सर्वसाधारण शेयरधनी प्रतिनिधि |

| | |
|---|---|
| द. | द. |
| (श्री अशोक बुढाथोकी) | (प्रा.डा. रामचन्द्र भट्टराई) |
| संचालक समितिका प्रतिनिधि | अध्यक्ष, संचालक समिति |

मिति : २०७६/०५/३० गते